# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं आषाढ १७ गते ०९ साल

## भाग ४

## खाद्य भूमि–व्यवस्थामन्त्रालयको विज्ञप्ति

भरमुलुकका किसिम किसिमका बिर्ताको नीति रिर्धारित गर्नालाई सरकारबाट बिर्ताखारेजी बन्दोबस्त अड्डा खडा गरी आफ्ना आफ्ना बिर्ताको निस्सा प्रमाणसहितको लगत आफ्ना आफ्ना इलाका मालमार्फत सो अड्डामा दाखिल गर्नालाई यो टायमसम्म दाखिल गर्नेलाई जरिवाना लाग्नेछैन । त्यसपछि दाखिल गर्नेलाई यो यो टायम दाखिल गर्नेलाई यो यो दरले जरिवाना लाग्नेछ भनी बराबर रेडियो, पत्रपत्रिकाबाट विज्ञप्त सूचनासमेत प्रकाश गरिदिएकोमा हाल दाखिल गर्नेहरूलाई जरिवाना लाग्ने भए तापनि आजकाल लगत दाखिल गर्दै रहेकाले कसै कसैले अड्डको मचावटमा लागी र कसै कसैको अंसियारहरूसँगको झैझगडाले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

गर्दा टायममा दाखिल नगरेको बुझिएबाट यस्तोमा जरिवाना गरिदिंदा मर्का पर्ने हुनाले यो सूचना जारी गरिदिएको छ। मधेश पहाड सदरका आजसम्म दाखिल नगरेका गैन्ह बिर्तावालले अघिका इश्तहारबमोजिम निस्सा प्रमाणसहितको लगत ०६ साल आषाढ मासान्तसम्ममा आफ्ना आफ्ना इलाका मालमा या बिर्ता-खारेजी बन्दोबस्त अड्डामा दाखिल गर्नुहोला। यो आषाढ मासान्तसम्मको म्याद्-भित्रमा दाखिल गर्नेहरूलाई जरिवाना नलाग्ने गरिदिएको छ। त्यसपछि नेपाल ४ माल इलाकालाई श्रावण मैहाभरमा दाखिल गर्नेहरूलाई उठ्तीको सयकडा रू. १ का दरले र भाद्र आश्विन मैहाभरमा दाखिल गर्नेलाई उठ्तीको सयकडा रू. २ का दरले र कार्तिक मार्गमा दाखिल गर्नेलाई सयकडा रू १० का दरले जरिवाना लाग्नेछ। मधेश पहाडलाई श्रावण मैहामा सयकडा रू. १, भाद्र आश्विन मैहामा सयकडा रू. २, कार्तिक मार्ग पौष मैहालाई सयकडा रू. १० का दरले जरिवाना लाग्नेछ। लेखिएका म्यादभित्र पनि दाखिल नगर्नेका हकमा र बिर्ता-संबन्धी सरकारबाट एउटा नीति निर्धारित गरी अन्तिम निर्णयमा आउने निश्चय गरेकोले लेखिएभन्दा बढी म्याद थप नैछैन र सरकारबाट गरेको निर्णयमा कसैको कौनै कुराको उजूर लाग्नेछैन। सो बुझी लेखिएका म्यादमा लगत दाखिल गर्नालाई नहीचकिचाई दाखिल गर्ने काम गर्नुहोला। इति संवत् २०८६ साल आषाढ गते रोज शुभम्

का.मु. सेक्रेटरी,
खाद्य भूमि-व्यवस्थामन्त्रालय.

## खाद्य भूमि-व्यवस्थामन्त्रालयको विज्ञप्ति

गृहस्थीलाई कार्तिकसम्म चाहिनेभन्दा बढी र व्यापारीले १० मुरी-दानभन्दा बढ्ता खाद्यान्नको लगत आषाढ १५ गतेभित्र लेखाउन आउनू र सरकारले तोकिदिएको मोलमा बिक्री गर्नू भनी बराबर विज्ञप्ति दिएकोमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धेरैजसो अन्न थुपार्नेहरूले वास्ता नराखी बसेका छन् । यस्ता मानिसको सुराक पनि सरकारले लगाउँदैछ र लागेको पनि छ र यही आषाढ, १७ गतेदेखि खान तलासीको काम सुरू भइरहेछ । यसबाट अन्न जफती भै 'सजाय'बाट बच्न खोज्ने मानिसले आफ्नो घरको तलासी नहुँदै आफूसँग भएको ष्टक लेखाउनू भनी यो अन्तिम सूचना गरिन्छ ।

का मु. सेक्रेटरी,
खाद्य भूमि–व्यवस्थामन्त्रालय.

## भूल–सुधार

यो साल जिल्ला जिल्लामा सेन्ससको काम र मालपोत तहसील गर्ने कामसमेत एकै टायम पर्न आएकोले ०८ सालको मदेश तराईतर्फको पोत बिभाख गर्ने म्याद ज्येष्ठ मासान्तसम्म गरिदिएको छ—भन्ने हुनुपर्नेमा ज्येष्ठ २७ गतेको गजेटमा सो बेहोरामा भूल भई " मदेश तराई तर्फको ,, भन्ने तीन शब्द छुटेकोले भूलसुधार प्रकाशित गरिएको छ ।

सेक्रेटरी,
खाद्य भूमि——व्यवस्थामन्त्रालय.

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ